कृषि तथा वन विज्ञान विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

फोन नं.०५६-५९२४०४

प.नि.का.च.नं...........२०७५/०७६

मिति:२०७६।०२।२२

# परीक्षा आवेदन फारम भर्ने सम्वन्धी सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७३/०७४ मा संचालित **B.V.Sc. & A.H.** र **B.Sc. Fisheries** मा भर्ना भई चौथो सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरु र विभिन्न शैक्षिक सत्रहरुमा भर्ना भई उक्त सेमेष्टरको मौका परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरुले सो सेमेष्टरको क्रमश: नियमित परीक्षा र आंशिक परीक्षामा सम्मिलित हुन २०७६ साल जेष्ठ २४ गते देखि आषाढ २ गते सम्म नियमित शुल्क र २०७६ साल आषाढ ४ गते देखि आषढ ६ गते सम्म विलम्व शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्बन्धित संकायमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम सम्बन्धित संकायबाट उपलब्ध हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षा र आंशिक परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु.८५०। र परीक्षा आवेदन फाराम शुल्क रु.१००। का दरले बुझाउनु पर्ने छ । तोकिएको अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७६ साल आषाढ ४ गते | रु. ३००।- |
| २०७६ साल आषाढ ५ गते | रु. ५००।- |
| २०७६ साल आषाढ ६ गते | रु. १,१००।- |

३. आन्तरीक मुल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् । परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फारममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २(दुई) दिन अगावै सम्बन्धित संकायबाट उपलब्ध हुनेछ ।

५. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला ।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website :** www.afu.edu.np वाट पनि हेर्न सकिनेछ ।

प्रा.नारायण राज जोशी
परीक्षा नियन्त्रक